# ADDCN ई बुलेटिन

Association of District Development Committees of Nepal

जिल्ला विकास समिति महासंघ नेपाल

Vol. 1 [Issue - 4] (जिल्ला विकास समिति महासंघ नेपालको मासिक ई-बुलेटिन) 2011 Sept/October. {2068 Ashoj/Kartik}


## २०६८ सालको शुभ दिपावली, नेपाल सम्बत् ११३२ तथा छठ पर्वको हार्दिक मंगलमय शुभकामना




## ऊर्जा लगानी फोरमको बैठक सम्पन्न

२०६८ असोज २६ गते एसियाली विकास बैंक र उर्जा मन्त्रालयको संयुक्त आयोजनामा नेपालमा उर्जा क्षेत्र लगानी गर्ने उद्देश्यले उर्जा लगानी फोरमको तीन दिने कार्यशाला गोष्ठीको आयोजना गरिएको थियो । उक्त बैठकमा उर्जा क्षेत्रसँग सम्वन्धी विभिन्न निकायहरु (ADB, WB, UNDP, सरकारी निकाय, नीजि क्षेत्र, बैंक, आदि सरोकार वालाहरु) को सहभागिता थियो । उक्त कार्यक्रमको उद्घाटन सम्मानिनय प्रधानमन्त्री डा. बाबुराम भट्टराईज्यूले गर्नुभएको थियो । उक्त कार्यशाला गोष्ठीमा राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका विज्ञहरुले कार्यपत्र प्रस्तुतीकरण गर्नु भएको थियो । जिल्ला विकास समिति महासंघ नेपालको तर्फबाट पूर्व अध्यक्ष एवं कार्यसमितिका सदस्य माधव पौडेल, कार्यसमिति सदस्य भरतबहादुर खड्का र ऊर्जा तथा वातावरण विज्ञ शम्भुदेव बरालले भागलिनु भएको थियो उक्त तीन दिने गोष्ठीमा सिन्धुपाल्चोक जिल्ला स्थित भोटेकोशी जल विद्युत आयोजनाको भ्रमण गराइएको थियो ।

# सुदुर-पश्चिमका ४ जिल्लाको अध्ययनः महिला तथा वालमैत्री शासन

- *कृष्ण प्रसाद जैशी*
*प्रवक्ता, जिविस महासंघ, नेपाल*

जिल्ला विकास समिति महासंघ नेपालले यस पटक २३ जिल्लाको अध्ययन गर्ने अवसर प्राप्त गऱ्यो । स्थानीय तहमा वालवालिका, महिला तथा सिमान्तकृत समुह वा समुदायका जनतालाई नेपाल सरकार र स्थानीय निकायहरुबाट गरिने बजेट खर्चको तुलनात्मक अध्ययन गर्ने क्रममा सुदुर पश्चिमका डडेल्धुरा, बझाङ्ग, बाजुरा र अछाममा पनि उक्त अध्ययन गरिएको थियो । उक्त अध्ययनबाट हाल केही प्रारम्भिक प्रतिवेदनका संकेतहरुले मात्र पनि जनप्रतिनिधि नहुँदा स्थानीय निकाय तथा नेपाल सरकारको मात्र नभै दातृ निकायहरुको समेत रकमको दुरुपयोग हुन सक्ने खतरा बढ्दै गएको आभास हुन्छ । यद्यपि केही सकारात्मक कार्य र नतिजा पनि प्राप्त नभएका होइनन् ।

०५९ साल देखि रिक्त निर्वाचित जनप्रतिनिधीहरुका कारण हाल स्थानीय निकायमा परिषद नै ढिलो हुने, भैहाले पनि योजना प्रकृयाको तलबाट माथि बग्ने पद्धतिको अवलम्वन नहुने र परिषदको निर्णय कार्यान्वयन गर्दा त झन् डर लाग्दा दृश्य सामुन्ने आउन सक्ने खतरा समेत बढ्दै गएको छ । निर्णय गर्ने तहमा उपरोक्त वर्गको सहभागिता बढाउने, देशका साथै राज्य पनि हाम्रो हो भन्ने अनुभूति गराउने र विस्तारै आर्थिक अवसर तथा सीप र क्षमता अभिवृद्धिबाट जीवनमा समृद्धि ल्याउने उद्देश्य र लक्षका साथ ०४७ र ०६३ पछिका केन्द्र तथा स्थानीय सरकारहरुले बजेट निर्माण गर्ने गरेको पाइन्छ । तर केन्द्रका नेता तथा कर्मचारीहरुले यति महान कार्य कसरी गर्न सम्भव छ र ? चेतनाका केही सकारात्मक संकेतहरु पनि देखिएका छन् ।

हाल महिला तथा दलित लगायत अन्य जनजातिहरुका सभासदहरु संविधान सभामा प्रतिनिधित्व गर्छन् । तर वालवालिकाहरुको भने त्यस्तो स्थिति छैन । तैपनि जुन ठाउँमा वाल तथा युवा क्लवहरु निर्माण गरी तिनलाई बजेट र चेतना बाँड्ने कार्य भएको छ, त्यस्ता ठाउँहरुमा हाल अविभावकहरुको चिन्ताको विषय बनेको आफ्ना भविष्यका आधारहरुको कुलत, कुसंगत तथा गन्तव्यहीन यात्रा पो शुरु हुन्छ कि भन्ने आशंकालाई क्लव सदस्यहरुले गलत सावित गरी दिएका छन् । किनकि विद्यालय र वडा तहमा समेत वाल तथा युवा क्लव गठन गर्दा वालवालिकाले पढाई, सरसफाई, शान्ति तथा दुर्व्यशनका विरुद्ध अभियान चलाएका पाइन्छन् ।

महिला, दलित तथा जनजातिहरुमा पनि पञ्चायत कालको भन्दा कैयन् गुणा बढी जन चेतना बढेको देख्न तथा अनुभूत गर्न सकिन्छ । तर हाल प्रश्न उठ्ने गरेको



*बझाङ्गको धमेना गाविसका महिलाहरु संग अध्ययन टोली सदस्य विदुर बस्नेत*

व्यक्तिगत स्वार्थ भन्दा माथि कोही नउठे निरंकुश राजतन्त्र फालेको के अर्थ भो भन्ने विषयमा घोत्लिएर साच्नेहो भने लोकतन्त्रको प्राण मानिएको आवधिक निर्वाचन नहुनु नै मुख्य कारण मान्न सकिन्छ । साथै भ्रष्टाचार र अपराधका विरुद्ध कडा कानुन बनाई त्यसको कडाईकासाथ लागु गर्ने कार्य नहुनु पनि अन्य कारणहरु भित्र पर्छन् । तर कहिलेकाँही विगतमा तर मारेर सत्ता गुमाउनु परेकाहरुले जनतलाई पनि दोष लगाउन पछि पर्दैनन् र कुप्रचार गरेर विगतको पञ्चायत र राजा सहितको वहुदल पनि आउन सक्छ भन्ने आत्म रतिमा रमाउछन् । अँझ कोही कोही त हिन्दू धर्मलाई जोडेर नया खेल वा व्यूह रचना गरी सत्ता प्राप्तिको दिवा सपना देख्छन् ।

हाल ग्रामिण क्षेत्रका दलित, पिछडिएका जनजातिहरु र महिलाहरु पनि आफ्ना मागहरु सशक्त राख्ने तथा कसैले गलत कुरा सही सावित गराउन खोजे सही नथाप्ने भैरहेका छन् । सरकार दिगो भएको भए आर्थिक सम्वृद्धि हुन सक्छ भन्ने संकेत पनि जनताले देखाएका छन् । दलित तथा जनजातिका साधारण परिवारमा पनि आफ्नो र सन्तानको भविष्यका बारेमा अत्यधिक चासो बढेको छ । कसै कसैको लहै लहैबाट अलि अलि बरालिए पनि विस्तारै मूल्याङ्कन पनि जनताले गर्न थालेका छन् कतै हामी प्रयोग मात्र त भएनौ भनेर । लोकतन्त्र र जनता बलियो बनाउने प्रणालीको यो अत्यन्त ठुलो उपलब्धि हो ।

लोकतन्त्र वा प्रजातन्त्रलाई कुनै दल वा समुहको घोषणा पत्रमा कैद गर्नु हुँदैन । अनि लोकतान्त्रिक अभ्यासको अवधि तुलना गर्दा कठोर सशस्त्र संघर्षका पिडाको अवधिलाई पनि बिर्से जस्तो गर्नु हुँदैन । किनकि विकासको क्रममा भएको लोकतान्त्रिक अभ्यासका लागि स्थानीय निकायको निर्वाचन अत्यन्त आवश्यक थियो भन्ने अव्यिक्ति हाल १० वर्ष पछि गरेर सोधभर्ना हुँदैन । निर्वाचन नगर्ने र जनतालाई दास र भोट हाली दिने मेशिनको रुपमा मात्र प्रयोग गर्ने रहर अब पुरा हुने छैन । निर्वाचन नगरी ०५९ असार देखि युद्ध र अनिश्चितता भोग्दै हालसम्म आई पुग्दा जनतामा निराशा, आशा र आक्रोश बढ्दै जान थालेको आभास भैरहेको छ । जिल्लामा स्थानीय विकास अधिकारी, नगरपालिकामा कार्यकारी अधिकृत तथा गाउँ विकास समितिमा गाविस सचिवले मात्र हाजिर गरेर लोकतन्त्र बलियो हुँदैन । त्यहाँ त दलका प्रतिनिधिहरु, देशका लागि केही गर्छु भन्ने नागरिकहरु, लोकतान्त्रिक तथा पेशागत संघ संगठनहरुकासाथै अन्तर्राष्टिय समुदाय समेतको आवश्यकता पर्छ लोकतान्त्रिक पद्धति सहितको दिगो शान्ति तथा समवृद्धि प्राप्तिका लागि । ०४७ पछि गरिएका स-साना प्रयासहरुले एक एक कोशे ढुङ्गा थप्दै आएका छन् । जनताको चेतनाको स्तर अन्य देशका जनताको भन्दा छिटो उठ्दै गएको छ त्यसमा महिला तथा वालवालिका लागि विकेन्द्रित कार्यक्रम वा वालमैत्री स्थानीय शासनको महत्वपूर्ण योगदान छ । तर दलका नेता/कार्यकर्ता, प्रशासनिक संयन्त्र र शिक्षामा गुणस्तरीय अग्रगामि परिवर्तनको भने टड्कारो खाँचो देखिन्छ ।

# Child Club in Udayapur

*- Bharat Bahadur Khadka*
*- Hem Raj Lamichhane*

During the field study, Mr Bharat Bahadur Khadka and Mr Hem Raj Lamichhane, visited to two child clubs of Udaypur district. Some important findings are as follows.

**Janapremi Reshamlal Paramananda Lower Secondary School, Bagaha, 7, Triyuga**

This school was established in 2038 BS. The child club was formed in 2061 BS. The members of child club have received 10 days orientation on discipline, sanitation, social duties etc. After receiving training, they have also conducted same type of training to aware other students and guardians in the community. The forty members of the club have started to deposit of Rs. 5 per month creating a special fund. Teachers are also supporting institutionally in this fund. They are conducting sanitation programs like nail cut, neat and clean uniform, hair cut etc. in the school in daily basis. The child club also collects penalty from the students who come late and go fast from the school. There is also practice to award to the students who work well in the school in monthly basis. The confidence level of the members of the club has increased dramatically as compared to their previous standard. Their regular work is to clean toilets and ground daily. They have also got opportunity to visit Darjiling, Ilam, Kapilvastu, Chitwan, Palpa and Kaski. During the field visit, they got various experiences from other child clubs. The child club monitors not only the daily activities of the students but also the activities (discipline, regular class attendance etc.) of teachers. They regularly report to the school management committee through head teacher. The representatives of child club are also invited in the teachers and school management committee meetings.



Head Teacher handing over book to Bharat

With a view to eliminate social, gender and caste discrimination, the child club has been conducting various awareness programs. One of the important works is that students from so called untouchable community are being led whole management part during any worship organized in the communities in the presence of the guardians. Very openly and easily all the participants receive grace (things offered to deity) offered by the students. This kind of cooperation and friendly environment is the creation by the effort of child club. During the public ceremony, the children from so called untouchable families and communities will be in front of the people to offer drinking water, tea and cookies. On the other hand, the separate modern toilets are built by the support of DACAW program of Unicef for girls and boys in school in the initiation of child club. The child club has also updated the records of households who have toilets or not.

Besides, the child club is facing problems from the society. For example, if they go and request for building toilets, they are blamed by the society that joblessness and teenagers have come to teach them. The head teacher said that there is a problem of good building of library, text books and extra reading materials. Municipality has been providing certain financial support to the school but they have not received any support from DDC till now. The head teacher also requested fo us to the support to school for building library and purchasing necessary books.

**Bal Adhikar Chetana Samuha, Shree Secondary School Kalyanpur, Tribeni, Udayapur**

This school was established in 2036 BS. The child club is composed of 45 members where 20 are boys and 25 are girls. The total students of the school are 505. Out of the total students, 158 are from the lower caste and poor communities, 38 students from Dalit and 50 from Janajati. The club is actively involved in their own capacity development and social transformation in the society by declaring Open Defication Free (ODF) village, construction of toilets, conducting pray in the morning, monitoring of regular attendance of the students and teachers etc. They are also involved in village level network of child club. They have provided various trainings to the students of ward level child clubs. They are also contributing and encouraging to the drooped out and not enrolled children to enroll in the school. The recommendation of head teacher was that there should be separate building of child club with training hall.



Group photograph of child club of

# स्थानीय सरकारको इजरायली मोडल
# Model of Local Governments in Israel

- ***जीवन बहादुर शाही***
*केन्द्रीय सदस्य, जिविस महासंघ, नेपाल*

## कानुनी दायरा र पृष्ठभूमि:

इजरायलको स्थानीय सरकारको ढाँचा, चरित्र र बनावट ब्रिटिस ढाँचासंग जोडिएको छ । (इजरायल ब्रिटिस म्यानडेट अर्न्तगत भनेर सन १९१८ (१९४८मा सूरुवात गरिएको हो) १९३४ मा इजरायली सरकारले अध्यादेश मार्फत स्थानीय सरकारको (नगरपालीका)को ऐन, नियम, विनियम र कार्यक्रम बुँदागत रुपमा ल्याएको थियो । त्यसमा चुनाव प्राणीको बारे उल्लेख गरेको थियो । (Electoral) काउन्सील को भूमिका कस्तो हुने र उनीहरुको शक्ति (Power) कति हुने भन्ने कुरा उल्लेख गरिएको छ । त्यसैगरि नगरपालिकाको राजश्वका श्रोतहरु के के हुन बजेट पारितका प्रकृया के कस्तो हुने र मुख्य प्रशासनिक भूमिका कस्तो रहने र काउन्सीलको बैठक प्रकृया र समितिको निर्माण कसरी गर्ने भनि विधेयक ल्याइएको थियो ।

यसरी नै १९३६ मा योजना (Planning) र भवन निर्माण (Building) अध्यादेशले नगरपालीकाहरुलाई सशक्त बनायो र उनीहरुलाई आफ्नो विनियम बनाउने अधिकार दियो तर त्यसको सर्मथन भने उच्च कमिसन र (High Commisionar) ले गर्ने प्रावधान राखिएको थियो । त्यस्तै उच्च आयूक्त बाट मेयर (Mayor) र उप-मेयर नियुक्त गर्ने अधिकार पनि सुरक्षित राखेको थियो । प्रान्तीय गभर्नरले (Provincial Governer) नगरपालिकाको बजेट स्वीकृत गर्ने र उनीहरुको अनुगमन (Monitoring) गर्ने अधिकार दिएको थियो ।

१९४५ को अध्यायदेशले (Ordiance) ले स्थानीय सरकारलाई उच्च आयुक्तको (High Commissioner)को स्विकृतिले व्यापारी बाट सम्पति कर उठाउन पाउने अधिकार प्राप्त गर्‍यो । यो प्रकृया इजरायले १९४८ मा स्वतन्त्र हुदासम्म रहिरह्यो । धेरै आइटम (Item) अहिले सम्म पनि मान्यतामानै छन यधपि धेरै नियम विनियमा भने समय सापेक्ष समय समयमा परिमार्जित गरिदै ल्याईएको छ । कानूनत स्थानीय सरकारलाई केन्द्रीय सरकारको हातपाखुरा मनिन्छ र मोडेल चाहि टप डाउन (Top Down) लाई अगिंकार गरेको छ ।

## आधुनिक इजरायलको स्थानीय सरकारको स्वरुप (Structure)

इजरायलमा केन्द्रीय र स्थानीय, दुईवटा सरकारहरु मात्रै छन् । क्षेत्रिय (Regional) काउन्टी (county) प्रान्तीय (Provincial) सरकार छैनन् । आन्तरिक मन्त्रालयले स्थानीय सरकारको रेखदेख गर्दछ, नेपालमा स्थानीय विकास मन्त्रालयले गरे जस्तै । इजरायलमा स्थानीय सरकार भन्नुभन्दा पनि स्थानीय निकाय भन्ने गरिन्छ । (Local authority) विभिन्न खालका स्थानीय निकायका संख्याहरु २५१ छन् । नगरपालिका (शहरी क्षेत्र) (Urban localities ७२) छन त्यसैगरि स्थानीय काउन्सील (local council) शहरी र सहायक शहरी (urban/suburban १२५) छन । क्षेत्रिय काउन्सील (Regional) जसलाई ग्रामिण वस्ती ५४ (Rural localities) भनिन्छ हाम्रा जस्ता गाउँ हैनन् नेपालका नगरपालीका भन्दा राम्रा इजरायलका ग्रामिण क्षेत्रहरु छन । दुईवटा औधोगिक नगरपालीका छन् । (Industrial municipalities) Tel Aviv र Hifa हुन यो भनेको यूनिक (unique cases) खालको को अवस्था हो । इजरायलमा केहि अनौपचारिक वस्ती पनि छन । जसलाई राज्यले औपचारीकता दिएको छैन र त्यस्ता वस्तीमा स्थानीय निकाय पनि छैनन् । इजरायलमा औपचारिक वस्तीलाई राज्यले दिनुपर्ने सम्पूर्ण आधारभूत आवश्यकताको परिपूर्ति अनिवार्य रुपले गर्नु पर्दछ । जस्तैः पानी, विजुली, फोहर उठाउने, प्रत्येक वस्तीमा सडक पुर्‍याउने) । स्थानीय निकायको रेखदेख गर्ने जिम्मेवारी आन्तरीक मन्त्रालयको भएकोले यस मन्त्रालयले स्थानीय निकायको बजेटको व्यवस्था गर्ने, योजना तर्जुमा गर्ने, नीति निर्माण गर्ने अनुगमन गर्ने गर्दछ । त्यसैगरि अन्य मन्त्रालय जस्तै आवासीय मन्त्रालय (Ministry of Housing), वातावरण मन्त्रालय (Ministery of Envioronment), शिक्षा मन्त्रालय (Minstry of Education) र समाज कल्याण मन्त्रालय (Ministry of Welfare) ले पनि स्थानीय निकायलाई बजेट विनियोजन गर्ने, योजना तर्जुमा गर्ने र निरिक्षण (Supervision) गर्दछन् ।

## प्रशासनक संरचनाः

सवैभन्दा ठूलो पार्टी अथवा कोलीसन (Collation) पार्टी बाट मेयर (Mayor) चयन गर्ने परिपाटी छ त्यसपछि काउन्सील हुन्छ र त्यसपछि विभिन्न ओहदाका व्यक्तित्वहरु हुन्छन् । यसले गर्ने कार्य भनेको सामाजिक सुरक्षाको कार्य, योजना तर्जुमा, शिक्षा र विकास को कार्यहरु गर्दछ ।

## भूमिका (Roles):

सेवा प्रवाह गर्दछ । नगरपालीका र सामाजिक क्षेत्रमा, विकासका कार्य गर्दछन् । सहभागिता प्रजातान्त्रिक हुन्छ । सहभागिता प्रजातान्त्रिक हुन्छ भन्नुको अर्थ प्रायजसो मध्य पूर्वमा सवै देशहरुमा प्रजातान्त्रिक चुनाव हुदैनन् । माथि उल्लेखित भूमिका निर्वाह गर्नको लागि निम्न औजार (Tools) प्रयोग गरेर गरिन्छ । बजेटका स्रोत वाहिरिय र आन्तरीक स्रोत प्रयोग गरिन्छ । कानुनी प्रावधान राष्ट्रिय फ्रेमवर्क (Nationa Frame Work) अनुसार कार्यान्वयन गरिन्छ भने त्यसका साथै स्थानीय सरकारको विनियम (Bylaws) को पनि प्रयोग गरिन्छ । स्थानीय निकायको कार्यकुशलताको लागि कुशल नेतृत्व र व्यवासाहिकता माथि विशेष जोड दिईन्छ । जसले गर्दा स्थानीय सरकार अत्यन्तै राम्रो प्रभावकारी र विश्वसियन ढंगले संचालन हुन्छ ।

## स्थानीय निकायको आय स्रोत

केन्द्रीय सरकारका विभिन्न मन्त्रालयबाट प्राप्त हुने अनुदान सेवा प्रवाह (service) विकास कामवाट प्रतिव्यक्ति आम्दानीकोकेहि प्रतिशत, राज्यले दिने अनुदान (grant) नै स्थानीय निकायका आम्दानीका स्रोतहरु हुन । आम्दानी को स्रोतलाई विशेषत सेवा बाट बढि प्राप्त स्थानीय निकाायले गर्दछ । स्थानीय सरकारका स्थानीय निकायका आफ्ना आम्दानीका स्रोत भनेका सम्पती कर (व्यापारि करको दर बढि हुन्छ तर सेवा चाहि कम हुन्छ, वस्तीहरुको करको दर एकदम कम हुन्छ भने सेवा भने प्रसस्त मात्र दिईन्छ जसलाई प्रगतिशिल कार्य भनिन्छ । विकासे दस्तुर पनि अर्को महत्वपुर्ण आय स्रोत हो । विभिन्न क्रियाकलाप जस्तै (सेवा विक्री गरेर, सम्पति भाडामा दिएर, विभिन्न दस्तुर जम्मा गरेर आम्दानीको स्रोत बढाईन्छ) ।

## हाल आएर केहि स्थानीय सरकारको व्यवस्थामा परिवर्तन आएको छ,

- ❖ मेयर पार्टी बाट निर्वाचित हुने परम्परालाई परिवर्तन गरेर व्यक्ति विशेषमा उम्मेदवारी दिने र निर्वाचनमा भाग लिने व्यवस्था गरिएको छ ।
- ❖ प्रोजेक्टहरुको नवीकरण गराउँदा स्थानीय निकायलाई सशक्त वनाएर सहभागिता वृद्दि गर्ने ।

- ❖ विकेन्द्रीकरण (Decentralization) निजिकरण (Privatization)मा बढि जोड दिईएकोछ ।

### केन्द्रीय सरकारको भूमिका

- ❖ स्वास्थ्य र अनौपचारिक शिक्षा केन्द्रीय सरकार आफूले हेरिरहेकोमा हाल आएर स्थानीय निकायलाई हस्तान्तरण गरिएको छ ।
- ❖ आफ्नै आन्तरीक आय स्रोत वृद्दि गर्नको लागि स्थानीय निकाय बढि केन्द्रीत भएका छन् ।
- ❖ स्थानीय निकाय विचमा साझेदारी बृद्दि गर्ने जस्तै(औधोगिक पार्कहरुमा, वातावरणीय सेवाहरुमा)
- ❖ स्थानीय निकय र केन्द्रीय सरकार विच दिगो विकास र आर्थिक उन्नतीमा साझेदारी गर्ने ।
- ❖ स्थानीय निकाय र नीजि क्षेत्र विच आर्थिक उन्नती र सेवा प्रवाहमा साझेदारी गर्ने ।
- ❖ नयां नगरपालीकाको लागि साझा कार्यथलो (Platform) सृजना गरि तालिममा केन्द्रीत गर्ने ।
- ❖ स्थानीय सरकार र गैर सरकारी संस्था विच अनौपचारिक शिक्षा, सेवा प्रवाह मा साँझेदारी गर्ने ।
- ❖ नयाँ रणनीतिक योजना तर्जुमा गर्ने ।
- ❖ चुस्त दुरुस्त र प्रभावकारी कार्यमा केन्द्रीत हुने ।
- ❖ प्रतिस्पधात्मक कार्य गर्ने र केन्द्रीय सरकारको भरमा कम पर्ने ।

### स्थानीय निकायको सफलता

- ❖ जनताको जीवन स्तर अतिनै माथि उठेको
- ❖ पुर्वाधार र सेवाहरुको चुस्त दुरुस्त र गुणस्तरीय विकास भएको
- ❖ स्थानीय निकायको असर राष्ट्रिय आन्तरीक नीति निर्माणमा प्रभाव परेको ।
- ❖ आर्थिक विकासमा स्थानीय निकायको ठूलो योगदान पुर्याएको छ

### स्थानीय निकायको चुनौती

- ❖ धनी र गरीब का विचमा असनतुलन (Gap/Imbalance) वृद्दि हुदै गएको असमानता बढदै गएको आर्थिक भार व्यहोर्न सक्नेलाई राम्रो सुविधा । स्थानीय सरकार पनि कोहि साह्रै वलिया कोहि असाध्य कमजोर
- ❖ राम्रो सेवा प्राप्त गर्नको लागि अतिरिक्त सेवा शुल्क तिर्नु पर्ने
- ❖ स्थानीय निकायको ध्यान धनी र राम्रो क्षेत्रमा बढी जाने हुँदा अलि कमजोर वस्ती, नया युवा परिवार र गरीवको लागि ध्यान कसले दिने ? यी यावत खालका चुनौतीहरु देखा परिरहेका छन
- ❖ केन्द्रीय सरकार स्थानीय सरकारको दाजोमा अगाडि छिटो नहिडने भएकाले कानुनी र प्रशासनीक व्यवधान परिवर्तन गर्न पछाडि धकेलेको हुन्छ

हरेक विकसित या अविकसित मुलुकमा सकारात्मक र नकारात्मक विशेषता त भईहाल्छ समग्रहमा हेर्दा इजरायलको स्थानीय सरकार सक्षम र शक्तिशाली छन् जनता आफ्नो स्थानीय सरकारसँग सन्तुष्ट भएका देखिन्छ उनीहरुको विकासको मोडेल हामिले सिक्दा नेपाल जस्तो प्राकृतिक स्रोत प्रशस्त भएको तर मानवीय संसाधन अत्यन्तै न्यून भएको मुलुकको लागि मोडेल हुनसक्छ भन्ने मेरो व्यक्तिगत विचार छ ।

# जिल्ला उर्जा सञ्जाल (DENET) बैठक







२०६८ साल असोज ९ गतेका दिन जिल्ला उर्जा सञ्जालका अध्यक्ष एवं धादिङ्ग जिल्ला विकास समितिका स्थानीय विकास अधिकारी दिपेन्द्र राज पौडेलज्यूको अध्यक्षतामा बैठक बसेको थियो । उक्त अवसरमा जिविस महासंघ नेपालका पूर्व अध्यक्ष माधव पौडेल, कार्यसमिति सदस्य भरतबहादुर खड्का, महासचिव हेमराज लामिछाने, उर्जा तथा वातावरण विज्ञ शम्भुदेव वराल तथा RERL का राष्ट्रिय कार्यक्रम प्रवन्धक शतिश गौतम, AEPC का वरिष्ठ प्रशासकिय अधिकृत रुद्र खनाल र डिनेटका कार्यकारी सदस्य एवं स्थानीय विकास अधिकारीज्यूहरु लगायत स्थानीय विकास अधिकारी समाज एवं काठमाडौं जिविसका स्थानीय विकास अधिकारी उद्धव प्रसाद तिमल्सिनाको उपस्थिति थियो । उपस्थित सम्पूर्ण सहभागीहरुबाट जिल्ला उर्जा सञ्जाललाई अझ बढि सकृय बनाउने बारेमा छलफल भयो । साथै उक्त बैठकमा पूर्व बैठकहरुको समीक्षा जिल्ला ऊर्जा तथा वातावरण शाखा (DEES) को आन्तरिककरण, DENET को कार्य प्रगति, DENET को सदस्यता शुल्क आदि बारेमा छलफल भएको थियो ।

# Credit Financing Interaction Programme सम्पन्न

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले आयोजना गरेको Credit Financing Interaction Programme यहि २०६८ असोज २ गते सम्पन्न भयो । उक्त वैठकमा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रका कार्यकारी निर्देशक डा. नारायण प्रसाद चौलागाँई र ESAP का प्रमुख सल्लाहकार निल जे. थोम्नसेनले स्वागत मन्तव्य र कार्यक्रम बारे प्रकास पार्नु भएको थियो । AEPC/ESAP को तर्फबाट सुर्य कुमार सापकोटा, करुण शर्मा र कन्सल्टेन्टहरुले कार्यपत्र पेश गर्नुभएको थियो । जिल्ला विकास समिति महासंघ नेपालको तर्फवाट ऊर्जा तथा वातावरण विज्ञ शम्भुदेव बरालले भाग लिनु भएको थियो ।

# ऊर्जा क्षेत्र सहयोग कार्यक्रम ESAP को ३९ को स्टेरिङ्ग कमिटिको वैठक सम्पन्न

२०६८ असोज ३ गते ऊर्जा क्षेत्र सहयोग कार्यक्रम ESAP को ३९ को स्टेरिङ्ग कमिटिको वैठक बसेको थियो । वैठकमा ESAP-II को प्रमुख सल्लाहकार निल जे. थोम्नसेनले कार्यक्रमको प्रगति विवरण प्रस्तुत गर्नु भएको थियो । वैठकमा वातावरण मन्त्रालयका सचिव कृष्ण ज्ञवाली र वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रका कार्यकारी निर्देशक डा. नारायण प्रसाद चौलागाँईले कार्यक्रमका विविध पक्षका बारेमा आ-आफ्ना धारणा राख्नु भएको थियो । सो अवसरमा विभिन्न सरोकारवालाहरु जिज्ञासा राख्नु भएको थियो ।

सो वैठकमा जिल्ला विकास समिति महासंघ नेपालको तर्फवाट ऊर्जा तथा वातावरण विज्ञ शम्भुदेव वरालले भाग लिनु भएको थियो । उहाँले ४१ प्रतिशत बाँकी बजेट कसरी १ वर्ष भित्र खर्च गर्न सकिन्छ । यस कार्य समितिको समेत क्षमता बृद्धि गरिनुपर्ने आदि टिपोटको सारांस आगामी वैठकमा पेश गर्नुपर्ने मुद्दा उठाउनु भएको थियो । साथै वरालले जिल्ला ऊर्जा सञ्जाल DNET को वैठकबाट पास गरिएको DNET को कार्यसमिति सदस्यहरुको नविकरणीय ऊर्जा सम्बन्धी अध्ययन भ्रमण वारेमा प्रस्ताव राख्नु भएको थियो । सो सम्बन्धमा कार्यक्रमका अध्यक्ष एवं वातावरण मन्त्रालयका सचिव कृष्ण ज्ञवालीले वातावरण मन्त्रालयले DFID को सहयोगमा संचालन गरिने कुरा उल्लेख गर्नु भएको थियो ।

## REDP to RERL : Lesson Learn and way forward कार्यशाला गोष्ठी सम्पन्न

२०६८ साल असोज १३ गतेका दिन वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रले REDP to RERL: Lesson Learn and Way Forward कार्यशाला गोष्ठीको आयोजना गरेको थियो । उक्त गोष्ठीमा RERL मा राष्ट्रिय कार्यक्रम व्यवस्थापक सतिश गौतमले स्वागत मन्तव्य व्यक्त गर्नु भएको थियो । साथै AEPC का कार्यकारी निर्देशक डा. नारायण चौंलागाई र UNDP का सहायक कन्ट्री निर्देशक, WB का प्रतिनिधीले समेत REDP को सफल कार्यान्वयन र RERL को सफलताको कामना गर्दै मन्तव्य व्यक्त गर्नु भएको थियो । यसै गरि REDP का तत्कालिन राष्ट्रिय कार्यक्रम प्रवन्धक किरणमान सिंहले REDP को सफल कार्यान्वयन पक्षबारे प्रस्तुतिकरण गर्नु भएको थियो । उक्त अवसरमा UNDP, WB, विभिन्न सरकारी, गैर सरकारी, निजि क्षेत्र,विभिन्न दातृ निकाय आदिका प्रतिनिधिहरुको सहभागिता थियो । यसै गरी जिविस महासंघ नेपालका कार्यकारी सदस्य भरतबहादुर खड्का, महासचिव हेमराज लामिछाने, उर्जा तथा वातावरण विज्ञ शम्भुदेव वरालको सहभागिता थियो ।

## Disaster Management Policy at Local Level and District Disaster Risk Management Planning (DDRMD) Guideline को कार्यशाला गोष्ठी सम्पन्न

२०६८ असोज १३ गते स्थानीय विकास मन्त्रालयले DDRMP Guideline बारे कार्यशाला गोष्ठी आयोजना गरेको थियो । उक्त कार्यशाला गोष्ठीमा स्थानीय विकास मन्त्रालयका सहसचिव रेश्मीराज पाण्डे, उपसचिव विनोद प्रकास सिंह, UNDPका प्रतिनिधि ले आ-आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो । उक्त अवसरमा विज्ञहरुद्वारा दुइवटा कार्यपत्र प्रस्तुतीकरण गर्नु भएको थियो । उक्त कार्यशालामा जिविस महसांघको तर्फबाट ऊर्जा तथा वातावरण विज्ञ शम्भुदेव वरालले भाग लिनुभएको थियो साथै वहाँले पशुहरुलाई पनि राहतमा समावेश गरिनुपर्ने, उद्धार तथा राहत कार्यमा गास,वास, कपासको साथै स्वास्थ्यलाई पनि समेटिनु पर्ने, जिविसको यस कार्यमा क्षमता वृद्धि गर्नुपर्ने र प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा रहेको जि.दै.उ.स. संग नवाभिने गरि समन्वयात्मक तवरले जानुपर्ने सुझाव दिनु भएको थियो ।

जिविस महासंघ नेपालको नियमित प्रकाशन
"स्थानीय प्रजातन्त्र"
मा प्रकाशन गर्ने गरी समसामयिक लेख, रचनाहरु उपलब्ध गराइदिनु हुन हार्दिक अनुरोध गर्दछौं ।

जिल्ला विकास समिति महासंघ नेपाल Association of District Development Committees of Nepal (ADDCN)
☎: 977-15554081, 5529202 **Fax #** 977-1-5548469 Sanepa Mode, Lalitpur, **P.O.Box #** 12022, Kathmandu
**E-mail :** addcn@addcn.org.np **URL:** www.addcn.org.np